# पूर्वीचौकी गाउँपालिका, डोटी

## स्थानीय राजपत्र

भाग ३

खण्ड : ७ संख्या : ०२ मिति : २०८१/०४/०१

# स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधी, २०८०

CamScanner

प्रमाणिकरण मिति : २०८०/०२/०५

## स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन कार्यविधी, २०८०

**प्रस्तावना :**

नेपालको संबिधान २०७२ को धारा ३९, स्थानिय सरकार संचालन ऐन २०७४ ले ब्यवस्था गरिएका बाल अधिकारलाई स्थानिय सरकार मार्फत बालबालिकाको बाँच्न पाउने, संरक्षण हुन पाउने, बिकास हुन पाउने, सहभागीताको अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले बालबालिका सम्वन्धि ऐन २०७५ को दफा ६० को उपदफा २, ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी पुर्वीचौकी गाउँपालिकाले स्थानीय बालअधिकार समिति गठन तथा संचालन कार्यबिधि २०८० जारी गरि स्वीकृत गरिएको छ ।

### परिच्छेद १

**1. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यबिधिको नाम : "स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन कार्यबिधि २०८०" रहनेछ।

(ख) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

**2. परिभाषाः**

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले पुर्वीचौकी गाउपालिकाद्वारा जारी गरिएका बालअधिकार समिति संचालन कार्यबिधि २०७८ सम्झनुपर्छ।

(घ) "बालबालिका सम्बन्धी ऐन" भन्नाले नेपालको संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धीऐन २०७५लाई सम्झनुपर्छ।

(ङ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका सबै बालबालिकालाई सम्झनुपर्छ।

(च) "बालबालिका ईकाइ" भन्नाले गाउँकार्यपालिकाको कार्यालयमा रहेको महिला, बालबालिका र समाज कल्याण ईकाइ र७ वटै वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी कामगर्ने ईकाई/डेस्कलाई समेत सम्झनु पर्दछ ।

(छ) "सम्पर्क व्यक्ति"भन्नाले पुर्वीचौकी गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका ईकाइ/डेस्कमा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय/वडा बाल अधिकार समिति"भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६० (२),(३) बमोजिम बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न पालिका र वडास्तरमा गठन भएका समितिहरुलाई सम्झनु पर्दछ ।

(झ) "बालमैत्री स्थानीय शासन समिति"भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा स्थानीय कानून बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ञ) "बालक्लब" भन्नाले पुवीचौकी गाउपालिकाद्वारा जारी गरेको बाल क्लब गठन तथा सहजीकरण निर्देशिका, २०७७ बमोजिम गठन भई क्रियाशील रहेका बाल क्लबहरूलाई सम्झनु पर्दछ ।

(ट) "बाल क्लब सञ्जाल" भन्नाले गाउँपालिकागाउ कार्यपालिकाद्वारा जारी गरेको बालक्लव गठन तथा सहजीकरण निर्देशिका, २०७७ बमोजिम गठन भई क्रियाशील रहेका बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ

(ठ) "संरक्षक" भन्नाले अभिभावक विहिन बालबालिकालाई अभिवावकत्व प्रदान गर्न यस कार्यविधि अनुरुपनियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ड) "गैरसरकारी संस्था"भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई स्थानीयतह सँगसमन्वयगरीकार्यगर्नेनाफारहितसामाजिकसंस्थालाईसम्झनुपर्छ।

(ढ) "बालकोष"भन्नाले गाउपालिका बालहित सञ्चालन कार्यविधि २०७७ अनुरुप स्थापना गरी कार्यान्वयनमा रहेको बालहित कोषलाई सम्झनु पर्दछ ।

(ण) "गाउपालिका"भन्नाले पुर्वीचौकी गाउपालिकालाई सम्झनुपर्छ।

(त) "सभा"भन्नाले पुर्वीचौकी पालिकाको गाउसभालाई सम्झनुपर्छ।

(थ) "कार्यपालिका"भन्नाले पुर्विचौकी गाउपालिकाको गाउकार्यपालिकालाई सम्झनु पर्छ ।

**3. उद्देश्यहरुः**

(क) बालबालिकाको बाँच्न पाउने, बिकास हुन पाउने,संरक्षण हुने पाउने, सहभागीता हुन पाउने अधिकारको संरक्षण र प्रर्बधन गर्नका लागि मार्ग निर्देश गर्ने ।

(ख) पुर्वीचौकी गाउपालिकामा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने स्थानिय संरचना तयार गरि उक्त संरचनाहरको सवलीकरण गर्ने ।

(ग) बालबालिका बिरुद्ध हुने हिंसा न्युनीकरण गरि मामला व्यवस्थापन गर्न्ने उचित प्रक्रिया अपनाई सिफारिस संयन्त्रको बिकास गर्ने

(घ) जोखिममा रहेको बालबालिकाको पहिचान, अभिलेखीकरण र उनीहरूको सहयोगको लागि घटना व्यवस्थापन गर्ने

(ङ) पुर्वीचौकी गाउपालिकालाई बालमैत्री गाउपालिका बनाउनका लागि आधार तयार गर्ने ।

**4. गाउँपालिका बाल अधिकार समिति गठन सम्बन्धी व्यवस्था :**

पुर्वीचौकी गाउपालिका स्तरमा बालअधिकारको संरक्षण र प्रर्बद्धन गर्नका लागि देहाय बमोजिमको १५ सदस्यीय गाउपालिका स्तरीय बालअधिकार समिति रहनेछ ।

| | | |
|---|---|---|
| 1. | गाउपालिकाको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| 2. | सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| 3. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| 4. | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| 5. | प्रहरी चौकी प्रमुख | सदस्य |
| 6. | समाजसेवी मध्यबाट १ जना | सदस्य |
| 7. | बालअधिकारको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरु मध्येवाट २ जना | सदस्य |
| 8. | गाउपालिकास्तरीय बालसंसजालवाट २ जना (१ बालिका, १ बालक) | सदस्य |
| 9. | पालिका स्तरीय महिला संजाल प्रमुख वा प्रतिनिधि | सदस्य |
| 10. | शिक्षा शाखा प्रमुख | सदस्य |
| 11. | पालिकास्तरीय अन्तरधार्मीक संजाल संयोजक वा प्रतिनिधी | सदस्य |
| 12. | गाउपालिका स्तरीय नागरिक समाजको संयोजक वा प्रतिनिधि | सदस्य |
| 13. | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

ख) गाउपालिका स्तरीय बाल अधिकार समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार एक पटकमा बढिमा ५ जना ब्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।



CamScanner

ग) बाल अधिकार समिति, समितिको पदाधिकारीहरुको पदावधि तिन वर्षको हुनेछ र निजहरु आवश्यकता र योग्यताका आधारमा पुर्नेनियुक्ती पनि हुन सक्नेछन् ।

घ) बाल अधिकार समितिले आफ्नो कार्यलाई थप प्रभावकारी वनाउनका लागि आवश्यकता अनुसार विषयगत समिति वा उपसमिति गठन गरि कार्य गर्न सक्नेछ ।

ङ) बाल अधिकार समितिलाई आवश्यक पर्ने कर्मचारी गाउपालिकाले उपलब्ध गराउनेछ ।

5. **गाउँपालिका स्तरीय बालअधिकार समितिको बैठक सम्वन्धी व्यवस्था :**

क) स्थानीय बाल अधिकार समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) स्थानीय बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थितभएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) स्थानीय बाल अधिकार समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ

ङ) स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

6. **गाउपालिका स्तरीय बालअधिकार समितिको काम कर्तब्य र अधिकार**

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने ।

ख) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा गाउपालिका स्तरीय बाल भेला गरि बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

ग) वार्षिक रुपमा बालबालिकाको तथ्यांक अद्यावधिक गरी स्थिति पत्र प्रकाशन गर्ने ।

घ) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरूको विश्लेषण गरी आवश्यकता अनुसार कानूनको तर्जुमा तथा कार्यक्रमका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

ङ) बाल अधिकार हननका घटनाहरूलाई छलफल गरी आवश्यकता अनुसार सम्वन्धित निकायमा सिफारिस गर्ने

च) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र निकायहरूको नक्सांकन, सेवा मापन र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सम्वद्र्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने।

छ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने र अभियान संचालन गर्ने

ज) जोखिममा रहेका बालबालिकाको सहयोगको लागि घटना ब्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्ने

झ) बाल अधिकारका हनन् तथा उल्लंघनका घटनाहरूको अनुगमन गर्ने र दोषीलाई आवश्यक कानूनी कार बाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ञ) गाउपालिका रहेका बाल क्लब सञ्जाल लगायत क्लवहरुको सूचीकृत, क्षमता विकास र परिचालन गर्ने ।

ट) बालबालिकाहरूको सवालका विषयमा नियमित अनुगमन गर्ने ।

ठ) गाउपालिकामा रहेका सबै वडा बाल अधिकार समितिहरुको सहभागितामा अर्धवार्षिक कार्य प्रगति समीक्षा गर्ने

ड) बालअधिकार समितिले पालिका स्तरमा गरेका बिभिन्न गतिविधीहरुको अर्धवार्षिक प्रतिवेदन तयार गरि गाउ कार्यपालिकामा पेश गर्ने ।

ढ) विशेष परिस्थितिमा रहेका बालबालिकाहरुको सहयोगका लागि सम्वधित सरोकारवाला सेवा प्रदायक निकायहरुसंग समन्वय र सहकार्य गरि सहयोगका लागि सिफारिस गर्ने

ण) बालबालिका सम्वन्धि ऐन, नियम, निति, कार्यबिधि, रणनिति र कार्ययोजना निर्माण गर्नका लागि गाउपालिकालाई सहयोग गर्ने ।

त) बालबालिकाको क्षेत्रमा बजेट बिनियोजन, कार्यन्वयनका लागि गाउपालिकालाई सहयोग गर्ने

थ) स्थानीय स्तरमा बाल संरक्षणको अवस्था विशलेषण गरी सोको आधारमा कार्ययोजना निर्माण गर्ने



CamScanner

**7. वडा स्तरीय बाल अधिकार समिति गठन सम्बन्धी व्यवस्था :**

क) बालअधिकारको संरक्षण र प्रर्बद्धन गर्नका लागि पालिका स्तरको बालअधिकार समितिको मातहतमा रहने गरि प्रत्येक वडामा भौगोलिक तथा लैंगिक समावेशिताको आधारमा देहाय वमोजिमको ९ सदस्यीय वडा बाल अधिकार समिति समेत रहनेछ

1. वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -संयोजक
2. दलित/महिला सदस्य -सदस्य
3. वडा स्थित स्वास्थ्य चौकी प्रमुख वा प्रतिनिधि -सदस्य
4. वडामा रहेको माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट १ जना -सदस्य
5. बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट १ जना -सदस्य
6. वडास्तरीय बाल क्लब सञ्जालबाट २ जना (१ बालक, १ बालिका) -सदस्य
7. सम्बन्धित वडाको प्रहरी चौकी प्रमुख वा प्रतिनिधि -सदस्य
8. वडा सचिव -सदस्य सचिव

ख) बालबालिकासँग सम्बन्धित विषेश निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, घटना व्यवस्थापन कार्यकर्ता ,वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजिवि र समाजसेवीलाई समेत वडास्तरीय बालअधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

ग) वडा बाल अधिकार समितिको सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन्

घ) वडा बाल अधिकार समितिको प्रशासनिक कार्य समितीको सदस्य सचिवले गर्नेछ ।

**9. वडा स्तरीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था :**

क) वडा बाल अधिकार समितिको नियमित बैठक कम्तीमा मासिक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ



CamScanner

घ) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके वमोजिम हुनेछ ।

**10. वडा स्तरीय बाल अधिकार समितिको काम कर्तब्य र अधिकार :**

क) तथ्यांक संकलन तथा अद्यावधिक गर्ने : वडा भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको (अपांग, आमाबुवा गुमाएका, परित्यक्त, हराएका, एच.आई.भी संक्रमित तथा प्रभावित, बाल श्रमिक, बेचविखनमा परेका, बालविवाह, बाल दुव्र्यवहार, हिंसामा परेका बालबालिकाहरु) तथ्यांक संकलन गर्ने र वार्षिक रुपमा अद्यावधिक गरी नगर बालअधिकार समितिमा सम्प्रेषण गर्ने ।

ख) वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्ने : वडा भित्रका बालबालिकाको क्षेत्रमा आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयमा समुदायमा आधारित वार्षिक योजना निर्माण गरी कार्यन्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने । कार्य योजना तयार गर्दा जोखिममा रहेका बालबालिकालाई लक्षित र लाभान्वित हुने क्रियाकलाप, सचेतनामूलक क्रियाकलाप, क्षमता विकास र आकस्मिक सहयोगका क्रियाकलाप लगायत बालबालिकाको समग्र संरक्षण र सहभागिताको अधिकार सुनिश्चित हुने किसिमका योजनाहरु तयार गर्ने ।

ग) समन्वय र सहकार्य गर्ने : वडामा कार्यरत सरकारी, गैर सरकारी निकाय एवं नीजि क्षेत्रहरु, संस्थाहरु जस्तैः वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, संजाल, समिति जस्ता विभिन्न निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने जसवाट जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोग पुर्याउन र उनीहरुको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग पुगोस ।

घ) सचेतना जगाउनेःबालअधिकार सवाल र बालबालिकामाथि हुने हिंसा, दुव्र्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरुका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सृजना गर्न सहयोग पुग्ने किसिमका सचेनतामुलक कार्यक्रम संचालन गर्ने । जस्तै ०: बालविवाह, जन्म दर्ता, विद्यालय भर्ना, पूर्ण खोप, दण्डरहित शिक्षण, बालसहभागिता, बालमैत्री व्यवहार, बालश्रम जस्ता विषयमा अन्तक्रिया, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई, अन्तसंवाद आदि क्रियाकलापको माध्यमबाट सचेतना जगाउने ।



CamScanner

ङ) श्रोत नक्शांकन र सिफारिस संयन्त्रको स्थापना गर्नेः वडामा सरकारी, गैर सरकारी र नीजि क्षेत्रवाट वालवालिकाहरु र तिनिहरुका परिवार लक्षित सेवाहरुको नक्शांकन गरी आवश्यक रोष्टर तयार गर्ने । उल्लेखित उपलव्ध सेवाहरु जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडा.स्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रीय वनाउने ।

च) वालवालिका सम्वन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने ०: वडा स्तरमा वालअधिकारको संरक्षण र प्रर्वद्धनका लागि बिभिन्न सवालहरुमा आवश्यक नीति निर्काण एवं पैरवी गर्ने । जस्तै बालबालिकासंग के गर्नु हुने, के गराउनु नहुने जस्ता विषयमा स्थानीयस्तरमा निती तथा आचार संहिता तयार गरी लागु गर्न सहजीकरण गर्ने ।

छ) आकस्मिक सहयोगका लागि बाल हित कोषको स्थापना गर्ने ०: वडास्थित विभिन्न निकायहरुसंग समन्वय र सहकार्य गरी आपतविपतमा परेका तथा यौन दुव्र्यहारमा परेका वालवालिकाहरुको तत्काल उद्दार र सहयोग गर्न एक आकस्मिक बाल हितकोषको स्थापना एवं परिचालन गर्ने ।

ज) अनुगमन र समिक्षा गर्नेः वालवालिकाहरुका लागि वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरुको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा आवधिकरुपमा, त्रैमासिक, अर्धबार्षिक र बार्षिकरुपमा गर्नु पर्ने ।

झ) प्रगति प्रतिवेदन पेश गर्नु पर्नेः वडामा बालबालिका सम्वन्धी गरेका क्रियाकलापहरुको सम्पन्न प्रतिवेदन तयार गरी वडास्तरका सरोकारवालाहरुसंग अर्धबार्षिक रुपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन नगरपालिकामा पेश गर्ने । साथै गाउपालिका बालअधिकार समितिले दिएको निर्देशनको पालना गर्ने ।

ञ) घटना व्यवस्थापक कार्यकर्ता छनोट गरी ,परिचालन तथा घटना व्यवस्थापन प्रक्रिया संचालन गर्ने र सो कार्यको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने

**11. बालकल्याण अधिकारीको नियुक्ति सम्बन्धी व्यवस्था :**

क) पुर्वीचौकी गाउकार्यपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम रहने एक जना बाल कल्याण अधिकारीको नियुक्ति गर्नेछ ।



CamScanner

ख) उपनियम (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारी स्थानीय बाल अधिकार समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

ग) बालकल्याण अधिकारीको पारिश्रमिक लगायतको सेवा सुविधा पुर्वीचौकी गाउपालिकाले व्यवस्थापन गर्नु पर्नेछ ।

घ) बाल कल्याण अधिकारीको नियुक्ति सिफारिस गर्न पुर्वीचौकी पालिकामा देहाय बमोजिम एक छनौट समिति रहनेछ ।

१) प्रमुख प्रशासकिय अधिकृत ........................................ संयोजक

२) सामाजिक विकास शाखा प्रमुख........................................ सदस्य

३) स्थानीय बाल अधिकार समितिले तोकेको समितिको सदस्य .......... सदस्य

**12. बालकल्याण अधिकारीका लागि योग्यता**

क) नेपाली नागरिक

ख) मान्यता प्राप्त बिश्वबिघालयवाट कम्तीमा कानुन वा सामाजिक कार्य ,समाज शास्त्र वा सामाजिक अध्ययन विषयमा स्नातक वा कुनै पनि विषयमा स्नातक उपाधि हासिक गरि बाल अधिकार, बालसंरक्षण , बालकल्याण तथा बालन्यायको क्षेत्रमा रही काम गरेको कार्यनुभव भएको

ग) एक्काईस वर्ष उमेर पुरा भएको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको,

ङ) बालअधिकार हनन् तथा भ्रष्टाचारको कसुरको सजाय नपाएको,

च) सरकारी निकाय तथा अर्धसरकारी निकायसंग कुनै बाँकी बक्यौता नरहेको

छ) नियुक्ति हुदाको बखत राजनीतिक दलको सदस्य नरहेको ।

ज) बालकल्याण अधिकारीको नियुक्ति नहुन्जेलसम्म सम्वन्धित स्थानीय तहको सामाजिक विकास शाखा अन्तगत बालिकालिका शाखा प्रमुखलाई नगर कार्यपालिकाले बालकल्याण अधिकारी तोक्न सक्नेछ

झ) बाल कल्याण अधिकारीले समितिको सदस्य सचिव भई काम गर्नेछ ।



CamScanner

**13. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :**

क) स्थानिय बालअधिकार समितिको निर्णय एवंम निर्देशनहरु कार्यन्वयन गर्ने र गराउने ।

ख) नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहवाट स्वीकृत निति र योजना अनुरुपा समितिको बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने ।

ग) स्वीकृत राष्ट्रिय, प्रादेशिक र स्थानीय निति र योजना अनुरुप बाल संरक्षण कार्यलाई प्राथमिकितामा राखी बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यन्वयन गर्न स्थानीय तह र समितिलाई आवश्यक सहयोग गर्ने ।

घ) बालबालिका सम्वन्धी समग्र स्थानीय तथ्याँक संकलन तथा प्रशोधन गरि गराई बार्षिक स्थिति प्रतिवेदन तयार गरि समितिको स्वीकृतिले प्रकाश गर्ने र प्रत्येक आर्थिक वर्ष समासभएको तीन महिनाभित्र यसको एकएक प्रति प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद समक्ष पेश गर्ने ।

ङ) स्थानीय तहमा नियुक्त तथा तोकिएका समाज सेवी तथा बाल मनोविज्ञलाई परिचालन गर्ने

च) आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने ब्यक्तीलाई स्थानिय बाल अधिकार समितिमा सुचीकृत गर्ने र लिखत तयार गर्न सहयोग गर्ने ।

छ) आन्तरिक धर्मपुत्र धर्मपत्री, संरक्षक र माधवर नियक्त तथा तोक्ने कार्यमा सम्वन्धित ब्यक्ति, परिवार र निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

ज) स्थानीय तहभित्र संचालनमा रहेका बालगृह, बाल सुधार गृह , पुनस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा प्रवन्ध, निगरानी कक्ष जस्ता आवशिय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्टपोषण गर्ने र आवासीय बाल गृह तथा संरक्षण केन्द्रको बन्द गर्न आवश्यक भएमा मन्त्रालयमा सिफारिस गर्ने

झ) बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्वन्धि स्थानीय तहको दीर्घकालीन निति र योजना तर्जुमा गरी समितिको बैठकमा पेश गर्ने

ञ) समिति सम्वन्धि मुद्धा मामिलाको सन्दर्भमा अदालत तथा न्यायिक समिति वा निकायलाई जवाफ तथा प्रतिउत्तर दिने ।



CamScanner

ट) बालबालिकाको सर्वोत्तम हितका निम्ति नेपाल प्रचलित कानुन, बालसंरक्षण निति, मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्वन्धित निकायसंग समन्वय, सहयोग र सहजीकरण तथा सहकार्य गर्ने ।

ठ) कार्य सम्पादन सम्झौता बमोजिमको कार्य प्रगति प्रत्येक ६र६ महिनाको अवधिमा सम्वन्धित स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्ने ।

ड) बैकल्पिक हेरचाहको व्यवस्था सम्वन्धी सम्वन्धित ब्यक्ती, परिवार, बालबालिका लगायतको सुचना विवरण राखे तथा अध्यावधिक गर्ने ।

ढ) स्थानीय स्तरमा घटेका बाल अधिकार हनन्का घटनाको अनगुमन, अभिलेख, उद्धार र घटना व्यवस्थापन प्रक्रियमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

ण) संस्थागत स्याहारमा रहेका बालबालिकाको आवश्यकतानुसार जन्मदर्ता गर्न,अपांगता परिचय पत्र वनाउन तथा नागरिकता बनउान सम्वन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने

त) समितिवाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

**14. घटना व्यवस्थापन कार्यकर्ताको सम्वन्धि व्यवस्था र योग्यता**

क) वडा तथा पालिका बालअधिकार समितिले पहिचान गरेका अति जोखीममा रहेका बालबालिकाहरुको मामिला ब्यवस्थापन तथा स्थानिय तहमा बालसंरक्षण कार्य र सेवा प्रवाह गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ बमोजिम बालकल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा काम गर्ने गरि वडापालिकाको समन्वयमा गाउँपालिकाले आवश्यक संख्यामा घटना व्यवस्थापन कार्यकर्ता नियुक्ति गरि परिचालन गर्न सक्नेछ ।

ख) बालबालिका सम्वन्धि ऐन २०७५ को दफा ६२ बमोजिम स्थानिय तह (पालिका र वडा)मा घटना व्यवस्थापन कार्यकर्ताको रुपमा नियुक्ति हुने ब्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ

१) नेपाली नागरिक

२) अठार वर्ष उमेर पुरा भएको,



CamScanner

३) मान्यता प्राप्त शिक्षण संस्था तथा बिद्यालयवाट कम्तीमा प्रविणता प्रमाण( पत्र तह वा दश जोड दुई कक्षा उतिर्ण गरी सरकारी निकाय वा अनुमति प्राप्त संस्था वा शिक्षण संस्थावाट सामाजिक कार्यकर्ता वा बालमनोविज्ञान सम्वन्धी बिषयमा कम्तीमा दुई महिनाको तालीम लिएको वा अभिमुखीकण तथा प्रशिक्षित भएको

४) समाज सेवा अन्तगत बालंरक्षण कार्य गर्न स्वघोषणा गरेका वा बाल अधिकार, बाल संरक्षण बालकल्याण तथा बाल न्यायमा कम्तीमा तिन दिन सम्मको अभिमुखीकरण लिएको

५) बालबालिकाको हक, हित सम्वन्धि सरकारी निकायमा कम्तीमा एक वर्ष वा कानुन बमोजिम स्थापति संघ, संस्थामा कम्तीमा दुई वर्ष बालबालिका सम्वन्धी काम गरेको अनुभव भएको,

६) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको,

७) बालअधिकार हनन् तथा भ्रष्टाचारको कसुरमा सजाय नपाएको,

८) सरकारी निकाय तथा अर्धसरकारी निकायसंग कुनै बाँकी बक्यौता नरहेको ।

**15.** घटना व्यवस्थापन कार्यकर्ताको नियुक्ति

क) योग्यता पुगि स्थानिय बाल अधिकार समितिमा सुचिकृत भएका व्यक्तीहरु वाट वडा तथा गाउपालिकाले बालवालिकाकार्य पुर्याउनु पर्ने बाल संरक्षण सम्वन्धिमा उपयुक्त निर्णय लिन वा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा पुर्णकालीन वा आँशिक वा दैनिक रुपमा काम गर्ने गरि यस कार्यविधि बमोजिम गाउंपालिकाको कानुनमा सेवाको शर्त र सुविधा निर्धारण गरेर गाउकार्यपालिकावाट नै पारिश्रमिक निर्धारण तथा पाउने गरी घटना व्यवस्थापन कार्यकर्ता नियुक्ती गर्ने छ ।

**16.** घटना व्यवस्थापन कार्यकर्ताको काम कर्तव्य र अधिकार

क) वडा बाल अधिकार समितिले पहिचान गरेका जोखीममा रहेका बालबालिका मध्ये बढिमा ६ देखी १० जना सम्म अति जोखीममा रहेका बालबालीकाहरुको नियमित घरभेट गर्नुपर्ने छ ।

ख) वडा बाल अधिकार समितिले फलोअपका लागि जिम्मा दिएका जोखीममा रहेको बालबालीकाको तोकीएको फारम मा रहि व्यक्तिगत र पारिवारिको लेखाजोखा गर्ने, उक्त



CamScanner

लेखाजोखा गर्दा सम्वन्धि बालबालिकाको घरमा गई उनीहरुका अभिभावकलाई साथमा राख्नुपर्ने छ ।

ग) गाउँपालिका अन्त्रगत महिला तथा बालबालीका शाखाको प्रत्यक्ष निर्देशन र सुपरिक्षिवेक्षणमा वडा बालअधिकार समितिका प्रतिनिधी, अभिभावक र सम्वन्धित बालबालिकालाई संगै राखी तोकीएको फारममा रही पारिवारिक लेखाजोखा गरि स्याहार योजना निर्माण गर्नुपर्ने छ ।

घ) जोखीममा रहेका बालबालिकाहरुको स्याहार योजनाको आधारमा सहयोग जुटाउन र सक्रिय रुपमा घटना व्यवस्थापन गर्नका श्रोत नक्साँकनका आधारमा सेवा प्रदायहरुसंग समन्वय र सहकार्य गर्नुपर्ने छ ।

ङ) स्याहार योजनाका आधार बालबालिकाहरुलाई सहयोग पुर्याउनका लागि उनीहरुको घरमा गई महिनाको कम्तीमा २ पटक नियमित घरभेट गर्ने र सो फलोअप गरेको निर्धारित फारममा प्रतिवेदन तयार गर्ने ।

च) गाउपालिकाको महिला तथा बालबालिका शाखामा प्रत्येक बालबालीकाहरुको ब्यक्तीगत फाईल खडा गरि पहिचान फारम, पारिवारिक लेखाजोखा फारम, स्याहार योजना फारम, सिफारिस गरेको फारम, घरदैलो फारम, र मासिक प्रतिवेदनको दस्तावेजीकरण फाईल खडा गरि राख्नुपर्ने छ ।

छ) घटना व्यवस्थापन कार्यकर्तालि फलोअप गरिरहेका बालबालिकाहरुको प्रगति प्रतिवेदन सम्वन्धि बाल अधिकार समितिको मासिक वैठकमा प्रस्तुतिकरण गर्ने र आवश्यक सहयोग जुटाउनका लागि वडा कार्यालय र महिला तथा बालबालिका शाखा तथा अन्य सरोकारवालाहरु निकायहरु संग समन्वय गरि गाउपालिकामा महिला तथा बालबालिका शाखालाई प्रतिवेदन पेश गर्ने ।

ज) बालविवाहवाट पिडीत, उमेर नपुगी गर्भधारण भएर बिद्यालय छोडेका बालबालिकाहरुलाई घरदैलो भेटघाट तथा नियमित फलोअप गरि बिद्यालय नियमित गराउनका लागि सहयोग गर्नुपर्ने ।

झ) गाउपालिका अन्त्रगत महिला तथा बालबालीका शाखा र बालअधिकार समिति तोकेको बालसंरक्षणसंग सम्वन्धित अन्य कार्य गर्ने ।



CamScanner

**17. बाल कोष :**

क)बालअधिकारको प्रवर्द्धन तथा बालबालिकाको हकहितको संरक्षण गर्न गाउपालिका सबै वडामा बाल कोष रहनेछन्।

ख) उपदफा (१) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:

१) नेपाल सरकारबाट प्राप्त रकम,

२) गाउपालिका बाट प्राप्त रकम,

३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

४) स्वदेशी व्यक्ति, संघसंस्थाबाट प्राप्त रकम,

५) न्यायिक समितिबाट भएको जरिवानाबाट प्राप्त रकम,

६) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग तोकिएबमोजिम हुनेछ।

ग) बालहित कोषको परिचालन गाउपालिकाले गाउकार्यपालिका मार्फत प्रमाणित गरेको बालहित कोष संचालन कार्यबिधि २०७८ बमोजिम हुनेछ ।

**18. बालबालिका डेक्स र इकाईको स्थापना**

क) गाउपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा बालबालिका डेक्स/इकाईको स्थापना गरिने छ । बालबालिका डेक्स/इकाइको सचिवालय प्रमुखको रुपमा स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको सदस्य सचिव रहने छ ।

**19. अनुगमन तथा निरीक्षण**

क) पालिका बाल अधिकार समितिले बाल अधिकारको प्रचलन गराउन तथा बालसंरक्षणका लागि आफ्नो कार्यक्षेत्र भित्र अनुगमन गर्न समिति आफै वा अनुगमनको लागि टोली खटाईकम्तीमा हरेक तीन महिनामा एक पटक अनिवार्य हुने गरी अनुगमन कार्य गर्नेछ । अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिवेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कारबाहीका लागि सरोकारवाला निकाय समक्ष सिफारिस गरिनेछ ।



CamScanner

**20. बालबालिकाको उद्धार तथा पुर्नस्थापना सम्वन्धि कार्य**

क) कुनै पनि बालबालिकाका जोखिमपुर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्वोतम हितलाई ख्यालमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुनर्स्थापनाको कार्य गरिने छ । साथै घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्दै बालबालिकाको पुनर्स्थापना कार्य बाल अधिकार समतिले गर्नेछ ।

ख) बाल कल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारीसे बालबालिका फेला पारेमा वा अन्य कुनैं व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औंठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालबालिकालाई संरक्षणका लागि नजिकको बाल कल्याण गृहमा जिम्मा लगाउनेछ ।

ग) बेवारिसे बालबालिकाको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बाल कल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बाल कल्याण गृह प्रमुखले त्यस्तो बालबालिकाको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रशारण गराउन सक्नेछन् ।

**21. सजायको व्यवस्था :**

क) संस्था, व्यक्ति वा निकायले बाल अधिकारको हनन् वा उल्लङ्घन गरेमा तथा संरक्षक र परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ।

**22. प्रोत्साहन पुरस्कारको ब्यवस्था**

क) बाल अधिकारको संरक्षण तथा सम्वद्र्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बाल क्लब, सञ्जाल तथासंघसंस्थालाई नगरपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ।

**23. सिफारिस संलग्न गर्नुपर्ने**

क) बालबालिकासँग सरोकार राख्ने कुनै पनि व्यक्ति वा निकायले बालबालिकाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउनु पूर्व सो सहयोग उपलब्ध गराउनका लागि स्थानीय/ वडा बाल अधिकार समितिको सिफारिस अनिवार्य प्राप्त गरेको हुनुपर्ने छ ।



CamScanner

**24. कार्यबिधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार**

क) कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा उत्पन्न हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार तिलागुफा नगरपालिको नगर कार्न्यपालिकालाई हुनेछ ।

**25. यसै बमोजिम हुने**

क) यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**26. संसोधन तथा बचाउ**

क) यस कार्यविधिमा पुर्वीचौकी गाउपालिका, गाउ कार्यपालिकाले आवश्यकता अनुसार संसोधनगर्न सक्ने छ । यस कार्यविधिमा उल्लेख भएका विषयहरु अन्य प्रचलित कानूनसँग वाझिएको खण्डमा वाझिएकोहदसम्म अमान्य हुने छ ।

**27. आर्थिक प्रतिवेदन र लेखापरीक्षण:**

क) गाउपालिकामा सञ्चालन हुने बालअधिकार सम्वन्धि कार्यक्रमको हकमा बालबालिका हेर्ने फोकल कर्मचारीले अनुसूची–५ बमोजिमको त्रैमासिक वित्तिय प्रतिवेदन तयार गरी गाउपालिकामा पेश गर्नुपर्नेछ

ख) गाउपालिकामा सञ्चालन हुने कार्यक्रमका हकमा विनियोजित बजेटको सीमा अन्तर्गत रही आर्थिक प्रशासन सञ्चालनको जिम्मेवारी प्रशासकिय अधिकृत र बालबालिका हेर्ने अधिकृतस्तरको फोकल कर्मचारीको हुने छ । बाल अधिकार समिति संयोजकको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही बालबालिका क्षेत्र हेर्ने अधिकृत र लेखापाल वा सहलेखापालले दैनिक आर्थिक प्रशासन सञ्चालन गर्नु पर्नेछ । सञ्चालित कार्यक्रम र विनियोजित रकमको लेखापरीक्षण प्रचलित कानून अनुसार गर्नु पर्नेछ

ग) बालअधिकार समिति आफैं सञ्चालन गर्ने कार्यक्रमको आर्थिक प्रशासनसम्बन्धी व्यवस्था समितिले अवलम्बन गरी आएको आर्थिक नियम र कार्याविधि तथा सम्वन्धित विकासका साझेदार संस्थासँग भएको सम्झौता बमोजिम हुने छ ।

घ) कार्यालयवाट गरिने कुनै पनि आर्थिक भुक्तानी चेकमार्फत सम्बन्धित पक्षलाई सिधै दिइनेछ।



CamScanner

ङ) कार्यालयमा दाखिला गर्नुपर्ने सामानहरुको दाखिला भएको प्रमाण प्राप्त भएपछि मात्र सो बापतको भुक्तानी दिनुपर्नेछ

च) सामान्यतया एक कार्यक्रमको लागि दिइएको पेश्की रकम फर्छ्यौट नभएसम्म अर्को पेश्की दिइने छैन ।

छ)गाउपालिका र वडामा कार्यक्रम सञ्चालनको लागि विनियोजित रकमको कारोवार बाल अधिकार समितिको नाममा कुनै बैंकमा खाता खोली सञ्चालन गरिनेछ । गाउपालिकाको हकमा कार्यक्रम खाताको सञ्चालन बालबालिका क्षेत्र हेर्ने फोकल कर्मचारी र गाउपालिकामा कार्यरत लेखापाल वा सह-लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

**28. प्रतिवेदन पेश गर्नु पर्ने:**

क) वडा बालअधिकार समितिले वडा तहमा सञ्चालन कार्यक्रमको अर्धबार्षिक रुपमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन गाउपालिका स्तरीय बाल अधिकार समितिलाई पेश गनुपर्ने छ ।

ख) प्रत्येक वडावाट प्राप्त भएको कार्यक्रमको प्रगति प्रतिवेदन संकलन गरी एकमुष्ठ प्रगति प्रतिवेदन तयार पार्ने कार्य पालिका बाल अधिकार समितिको तर्फबाट बालकल्याण अधिकारीको हुनेछ । यसरी तयार पारिएको प्रगति प्रतिवेदनलाई समितिको संयोजकले स्वीकृति गरेर संस्थागत मेमोरीका लागि गाउपालिकाको योजना शाखा, र सम्बन्धित विकासका साझेदारलाई एक/एक प्रति पेश गर्ने दायित्व सम्बन्धित कार्यक्रम व्यवस्थाकको हुनेछ ।

ग) कार्यक्रमको प्रगति प्रतिवेदन निर्धारित ढाँचा तथा परिसूचकहरुको आधारमा तयार गर्नु पर्नेछ।

घ)प्रगति प्रतिवेदन तयार गर्दा अनिवार्य रुपमा अनुगमन सूचकको आधार लिनु पर्नेछ ।

ङ) गाउपालिका बाल अधिकारको स्थिति एवं अवस्थालाई स्पष्ट पार्ने गरी बालबालिकासम्बन्धी तथ्याङ्क तथा सूचना पेश गर्नु पर्नेछ ।

च) प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनमा आएका समस्या, समस्या समाधानका लागि भएका पहल र रचनात्मक सुझाव समेत समावेश गर्नु पर्नेछ ।



CamScanner

ज)कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण प्रत्येक महिना वा आवश्यकता अनुसार गरी/गराइ सम्बन्धित अधिकृतले समस्या समाधानका लागि सम्बन्धित निकाय वा समितिको बैठकमा छलफल गराई बैठकको निर्णयानुसार आवश्यक कदम चाल्नु पर्ने छ ।

**29. व्याख्या गर्ने अधिकार**

यस निर्देशिकामा भएको कुनै व्यवस्था अस्पष्ट भै व्याख्या गर्नु पर्ने भएमा गाउ कार्यपालिकाले मार्फत गाउ सभाले व्याख्या गर्नेछ ।

**30. बाधा अड्काउ फुकाउने**

यो कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा या कार्यबिधिको निर्देशिकाको अधिनमा रही त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

पितानाथ लुइटेल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner